मादी गाउँपालिका शिक्षा ऐन तथा नियमावलीको परिच्छेद ९ नियम ५० को उपनियम ३ मा प्र.अ हरु संग दुई वर्षे कार्यसम्पादन सम्झौता गर्ने भन्ने परिलक्षित गरे वमोजिम प्रधानाध्यापकहरुको भुमिकालाई अझवढि सक्षम,सुदृढ, सेवामुलक, र उत्तरदायी वनाई विद्यालयहरुको शैक्षिक व्यवस्थापन र नतिजालाई परीणाममुखी वनाई समग्र शैक्षिक सेवाप्रवाहमा प्रभावकारीता ल्याउन मादी गाउँपालिका शिक्षा शाखा र श्री ..............................मा.वि/ आ.वि का प्रधानाध्यापक श्री ..............................विच मिति २०७५...............देखि दुई वर्षे कार्यकाल मानी तपसिल वमोजिमको कार्यसम्पादन सम्भौता गरीएको छ ।

**कार्य सम्पादन सम्झौताका सर्तहरु**

१. यो सम्झौता हस्ताक्षर भएको मिति देखि लागू हुने छ ।

२. यो सम्झौता लागू गर्ने जिम्मेवारी शिक्षा अधिकुतको हुने छ र वडा अध्यक्षले यसमा सहजिकरण गर्नु पर्ने छ ।

३. यस कार्यसम्पादन सम्झौताको मुल्याङ्कन सम्झौता भएको मिति देखि सुरु हुने छ ।

४. सम्झौता उल्लेख भए अनुसारको कागजातहरु तोकिको समयमा नै गाउँपालिकामा पेश गर्नु पर्ने छ ।

५. सम्झौताको पहिलो वर्षमा अपेक्षित शैक्षिक नतिजाको ५० प्रतिशत भन्दा वढि अंक प्राप्त गरेको हुनु पर्ने छ । यस्तो अंक प्राप्त नभएका प्र.अको गाउँपालिकाले दिने प्रोत्साहन भत्ता उपलव्ध गराइने छैन ।

६. प्रत्येक कक्षामा ९४% भन्दा कम विद्यार्थी नियमित उपस्तथीति र वार्षिक ९३% भन्दा कम दिन शिक्षक उपस्थीति भएका प्र.अ को अन्तिम मुल्याङ्कनको कुल अंकको ५% अंक घटाईने छ । विद्यालयहरुले शिक्षक, कक्षागत विद्यार्थीको उपस्थीति अभिलेख दुरुस्त राख्नु पर्ने छ ।

७. शैक्षिक उपलव्धि अर्न्तगतको २० अङ्कको मुल्याङ्कन गर्दा सञ्चालन भएको तहका कक्षाहरुको तोकिएको ग्रेडमा उर्त्तीण विद्यार्थीको औषत प्रतिशत सग वरावर हुने अंक प्रदान गरीने छ । माध्यमिक विद्यालय (१-१२) र (१-८) सञ्चालन भएका विद्यालयका प्र.अ हरुलाई अंक प्रदान गर्दा सबै तहको सम्वन्धित ग्रेडमा उर्त्तीण औषत प्रतिशतको आधारमा अंक प्रदान गरीने छ । जस्तै यदि कुनै विद्यालयले A plus को औषतमा उर्त्तीर्ण विद्यार्थीको तहगत औषत ३०% छ भने उक्त ग्रेडमा छुट्याएको ८ को ३०% वरावरको २.४ अंक उक्त प्र.अ ले प्राप्त गर्दछ ।

८. हरेक सुचकहरुमा स्रोतकेन्द्र र शिक्षा शाखावाट पटक पटक विशेष अनुगमन र निरीक्षण हुने छ ।

९. पहिलो प्र.अ भेला समाप्तीको १० दिन भित्र स्रोत केन्द्रमा वडा मार्फत प्र.अ हरुसंग कार्यसम्पादन सम्झौता गर्ने जसमा यदि कुनै विद्यालयको विद्यालय व्यवस्थापन समिति पुर्नगठन गर्नु पर्ने वा नयाँ प्र.अ नियुक्ति गर्नु पर्ने भएमा सो समेत तुरुन्तै गरीने छ ।

१०. प्र.अ ले यस सम्झौतामा वार्षिक रुपमा प्राप्त गरेको अंकको आधारमा समेत कार्यसम्पादन मुल्याङ्कन हुने छ ।

११. निरन्तर मुल्याङ्कन प्रणालीमा विद्यार्थीको उपलव्धिको निरीक्षण गर्दा विद्यार्थीको क्षमता सुधार नगरी उदार कक्षोन्नती गरेको प्रमाणीत भएमा प्रत्येक वर्ष उक्त विद्यालयको प्र.अ को सम्वन्धित तहको शैक्षिक उपलव्धि वापतको अंकको २०% अंक घटाईने छ ।

आधारभुत तथा माध्यमिक प्र.अ कार्य सम्पादन सम्झौता  शैक्षिक वर्ष २०७५ देखि ०७६ सम्म ,मादी गाउँपालिका कास्की *शिक्षा शाखा*

| सुचक संख्या | कार्य क्षेत्र | श्रोत साधन | सुचक अनुसार गर्नु पर्ने | अपेक्षित नतिजा | मापक | पूर्णाङ्ग | समय |
|---|---|---|---|---|---|---|---|
| १ | विद्यालय विकास प्रस्ताव १५ | | | | | | |
| | विद्यालय | आन्तरीक आय, मादी, गाउँपालिकाको अनुदान, केन्द्रीय ससर्त अनुदान | विद्यालयको वर्तमान शैक्षिक र आर्थिक अवस्था पहिचान, अपेक्षीत उपलीव्ध निर्धारण,स्रोत पहिचान सहितको कार्ययोजना तयार, | विद्यालय स्रोत साधन सम्पन्न भएको हुने, विद्यालय आर्थिक रुपमा सवल, शैक्षिक उपलव्धि उत्कृष्ट रहने, योजना अनुसारको काम सम्पन्न भएको हुने | • विद्यालयको वर्तमान शैक्षिक आर्थिक अवस्था पहिचान र विस्लेषण -२<br>• विद्यालयको शैक्षिक,आर्थिक,भौतिक क्षेत्रहरुको दुई वर्षे अपेक्षीत उपलीव्ध निर्धारण-३<br>• स्रोत पहिचान र कार्ययोजना सहितको विकाश प्रस्ताव तयार- ७<br>• सम्पुर्ण कागजातहरु शिक्षा शाखामा पेश गरेको-३ | १५ | सम्झौता भएको २० दिन भित्र |
| २ | कक्षा अनुसारको विषयगत नतिजा प्रोफाईल तयार र पेश- १० | | | | | | |
| | विद्यालय | केन्द्रीय अनुदान, विद्यालयको आन्तरीक आम्दानी | प्रथम त्रैमासिक परीक्षा देखि नै तयारी, निरन्तर मुल्याङ्कन प्रणालीको प्रभावकारी कार्यन्वयन को लागि तोकिएअनुसार विद्यार्थीको व्यक्तिगत दुरुस्त राख्ने, अभिलेख विद्यालयकामा भएका परीक्षा विवरण,प्रत्येक त्रैमासीक परीक्षा, वार्षिक परीक्षाको समीक्षा सहितको विषयगत नतिजा, शिक्षणमा भएको सुधार र भोगेका कठीनाई | विद्यालयको शैक्षिक उपलब्धिको प्रभावकारी अभिलेख रहने,कम्जोरी पहिचान गरी सुधारको भावी योजना तय गर्न सकिने, निरन्तर मुल्याङ्कनको प्रभावकारी कार्यान्वयन हुने, | • आधारभुत तहमा CAS को प्रयोग -२<br>• CAS लगाएत प्रत्येक परीक्षाको विषयगत नतिजा समिक्षा र सुधारका लागि गरेको अभ्यासहरु सहितको योजना -३<br>• सुधारमा भोगेका कठीनाई गरेको प्रयास -१<br>• विवरण तयार र त्रैमासिक रुपमा समयमै शिक्षा शाखामा पेश -४ | १० | प्रत्येक त्रैमासिक परीक्षाको नतिजा प्रकाशन को पहिलो साता भित्र |
| ३ | अतित्कि कक्षा र उपचारात्मक शिक्षण ५ | | | | | | |
| | विद्यालय | विद्यार्थीवाट प्राप्त शुल्क | सिकाईमा कम्जोर विद्यार्थी पहिचान, कक्षा व्यवस्थापन र सञ्चालन, अभिभावक संग | कम्जोर विद्यार्थीको सिकाईमा सुधार भई विद्यालयले अपेक्षित | • अतिरिक्त कक्षा व्यवस्थापन - १<br>• कक्षा सञ्चालन -३ | ५ | विहान र वेलुकाको समय |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | समन्वय र सहकार्य | शैक्षिक उदेस्य हासिल हुने | • अभिभावक संगको समन्य -१ | | |
| ४ | लेखापरीक्षण र सामाजिक परीक्षण ५ | | | | | | |
| | विद्यालय | विद्यालय क्षेत्र विकाश कार्यक्रमवाट प्राप्त अनुदान | गाउँपालिकाले सुचिकृत गरेका लेखापरीक्षक वि.व्य.स को निर्णयवाट छनौट गरी गा.पा  सिफारीस, नियमावलीले व्यवस्था गरे अनुरुपको सामाजिक परीक्षण समिति मार्फत वास्तविक सामाजिक परीक्षण भएको हुनु पर्ने | विद्यालयमा निकासा भएका रकमहरु सम्वन्धीत शिर्षकमा खर्चहुने, विद्यालयमा आर्थिक पारदशीता कायम हुने, विद्यालय कोषको रकम दुरुपयोग नहुने, | • लेखापरीक्षण र सामाजीक परीक्षण-४<br>• गा.पामा प्रतिवेदन पेश- १ | ५ | आ.व को समाप्ती पछि |
| ५ | प्र.अ  शैक्षिक नेतृत्व क्षेमता १० | | | | | | |
| | विद्यालय, कक्षाकोठा, सम्पुर्ण स्टाफ, समाज | | सवै स्टाफ कर्मचारीको आर्दश हुनुपर्ने,सवैलाई समेटेर काममा लगाउन सक्ने,विद्यालयमा बिवाद रहित वातावरण निर्माण, नमुना शिक्षकको भुमिकामा रहनुपर्ने, समाजको आदर्श व्यक्तिको रुपमा रहने, निर्णय लिन सक्ने क्षमता | विद्यालयमा स्टाफ विच कार्यगत एकता भएको हुने,समुदायको विद्यालयमा चासो भएको हुने, विद्यालयमा नियमित पठनपाठन हुने, विद्यालयको शैक्षक र भौतिक व्यवस्थापन राम्रो हुने, विद्यालयको अपेक्षित शैक्षिक उपलव्धि प्राप्त हुने, | • स्टाफमा कार्य विभाजन र कार्यगत एकता -२<br>• आदर्श शिक्षकको भुमिका -३(धुमपान, मध्यपान नगर्ने, मिठो वोलिवचन)<br>• आफुलगायत शिक्षक कर्मचारीको सरसफाई र नियमित  पोशाक - ३<br>• समुदाय संगकोसम्वन्ध र सहकार्य -२ | १० | |
| ६ | मादी गाउँपालिकाको शैक्षिक सुधार कार्यक्रम १८ | | | | | | |
| | विद्यालय, कक्षाकोठा | विद्यालयको आन्तरीक आ.य, केन्द्रीय ससर्त अनुदान | विद्यालयको भौतिक , परीक्षा शाखा  खालीपिरियड र कक्षाकोठा व्यवस्थापन गर्ने, अतिरिक्त क्रियाकलाप, गृहकार्यको व्यवस्थापन, कार्यविभाजन र जिम्मेवरी प्रदान, कक्षा शिक्षक र | विद्यालयका शैक्षिक व्यवस्थापन प्रभावकारी हुने,स्टाफहरुविच समान कार्य विभाजन भई कार्यसम्पादन हुने, शिक्षक,प्र.अ आफ्नो काममा जिम्मेवार र | • शैक्षिक व्यवस्थापन-४(कक्षा कोठा,पुस्ताकलय,गणित विज्ञान प्रयोगशाला)<br>• गृहकार्यको प्रभावकारीता -३<br>• परीयोजना कार्य र प्रयोगात्मक शिक्षण -२ | १८ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | जिम्मेवारी प्रदान, प्र.अ को विशेष जिम्मेवारी, वालमैत्री सिकाई वातावरणका आवस्यक सर्तहरु पुरा गर्ने, विषयगत समिति गठन | उत्तरदायि हुने,, योजना पुर्वक काम गर्ने कार्यको थालनी हुने,विद्यार्थीको सदन विभाजन भई सदनमार्फत अतिरिक्त क्रियाकलाव सञ्चालन हुने, विषयगत समिति गठन भई शिक्षकका समस्या शिक्षकबाट समाधान हुने, अवलोकन भ्रमण र प्रयोगात्मक शिक्षणले प्राथमिकता पाउने | • सदन विभाजन र कार्यक्रम सञ्चालन -२<br>• कक्षा शिक्षक र जिम्मेवरी प्रदान- २<br>• कार्यतालिका , कार्ययोजना निर्माण र कार्यन्वयन- २<br>• विषयगत समिति गठन र शिक्षण सुधार -३ | | विषयगत समितिमा आधारभुत (१-३) ,(१-५) ,विद्यालय नजिकको माध्यमिक विद्यालयको समुहमा आबद्ध हुन सक्ने |
| ७ | अंग्रेजी माध्यमा शिक्षण , नतिजा अभिभावकलाई हस्तान्तरण ७ | | | | | | |
| | कक्षा कोठा | आन्तरीक व्यवस्थापन | नेपाल सरकार पाठ्यकम विकास केन्द्र वाट स्वीकृत अंग्रेजी माध्यमको पाठ्पुस्तक लागु गर्ने, सामाजिक विषयलाई नेपालीमा नै शिक्षण गर्न सकिने , अभिभावकलाई परीक्षाको नतिजा हस्तानान्तरण | अंगेजी माध्यमको पढाईको लागि विद्यार्थी अन्य विद्यालयमा जानुपर्ने वाध्यताको अन्त्य हुने, विद्यालयमा विद्यार्थी भर्ना दर वढ्ने,शिक्षकको पनि क्षमता विकाश हुने,अभिभावकले आफ्नो वच्चाको प्रगति थाहा पाउने | • कक्षा सञ्चालन -२<br>• प्रभावकारी कार्यन्वयन- ३<br>• नतिजा फाईलिङ र अभिभावकलाई प्रदान -२ | ७ | |
| ८ | शैक्षिक सामाग्री कक्ष, गणित,विज्ञानर कम्पुटर प्रयोगशालाको व्यवस्था र प्रयोग १० मा.वि | | | | | | |
| | विद्यालय | मादी गा.पा,केन्द्रीय ससर्त अनुदान र विभिन्न संघ सस्थाको सहयोग | विद्यालयमा स्थानीय सस्कार र परिभेष अनुसारको सामग्री संकलन गर्ने, गणित विज्ञान र कम्पुटर प्रयोगसालाको छुट्टै व्यवस्थ गरी प्रयोगमा ल्याउँने | विद्यार्थीले स्थानीय सामाग्री छोएर सिक्ने अवसर पाउने छन्, गणित,विज्ञान र कम्पुटरमा प्रयोगात्मक विधिवाट सिक्न पाउने | • प्रयोशाला निमार्ण -३<br>• प्रयोशालाको प्रयोग -५<br>• शैक्षिक सामाग्री कक्ष निर्माण र प्रयोग -२ | १० | सम्झौता को अवधिभर |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ९ | उत्कृष्ठ शैक्षिक नतिजा प्राप्ती २० | | | | | | |
| | विद्यालय | - | कक्षा ९-१२ को प्रत्येक कक्षामा २०% विद्यार्थीको नतिजा A plus को औसतमा ४०% विद्यार्थीको A को औसतमा बाकी अन्यमा उत्तीर्ण गराउनु पर्ने, आधारभुत तह (६-८) को प्रत्येक कक्षामा ४०% विद्यार्थीको नतिजा A plus को औषतमा, ३०% A को औषतमा र ३०% अन्यमा उत्तीण गराउनु पर्ने, आधारभुत (१-५)को प्रत्येक कक्षामा<br>मा ७०% विद्यार्थीको नतिजा A plus र वाकी सवै A को औषतमा उत्तीण गराउनु पर्ने छ । | विद्यालयको समग्र शैक्षिक उपलब्धि मा सुधार भएको हुने । | माध्यमिक तहको नतिजा -२०<br>आधारभुत तहको (१-८) को नतिजा -२०<br>आधरभुत तह कक्षा (१-३) ,(१-५) - २०<br><br>जसमा A Plus = ८<br>A = ६<br>अन्य = ६ | २० | सम्झौताको अवधि समाप्ती पछि वार्षिक रुपमा गरीने तर, आधारभुत तहमा CAS को प्रयोगमा विद्यार्थीको कक्षोन्नती को प्रतिशत र विद्यार्थीको कक्षागत क्षमतालाई मुख्य जोड दिईने छ। |

कार्यसम्पादन अंक विभाजन

| कार्य सम्पादन अङ्क | नतिजा |
|---|---|
| ०-४० सम्म | कम्जोर |
| ४० भन्दा वढि ५० सम्म | सामान्य |
| ५० भन्दा वढि ६० सम्म | राम्रो |
| ६० भन्दा वढि ८० सम्म | उच्च |
| ८० भन्दा वढि ९० सम्म | उत्कृष्ठ |
| ९० भन्दा माथि | नमुना विद्यालय |

**प्रथम पक्ष**

श्री हिमलाल शर्मा...............

शिक्षा शाखा प्रमुख

शाखा, मादी गाउँकार्यपालिकाको

कार्यलय,कास्की ।

**दोस्रो पक्ष**

प्र.अ. श्री .............................

........................ .विद्यालय,

मादी , वडा नं- ....., कास्की ।

## साक्षीहरु

........................

अध्यक्ष वि.व्य.स

................. .विद्यालय

... . ........................

स्रोत व्यक्ति

...............स्रोत केन्द्र

...................

वडा अध्यक्ष

मादी -.........